शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक

वर्ष: १० | अङ्क : १०७ | २०८१ भदौ १२ गते बुधबार | 28 Aug. 2024, Wednesday | पृष्ठ सङ्ख्या : ८ | मूल्य रु.: ५-

## राष्ट्रपति पौडेलद्वारा भगवती रथजात्राको अवलोकन



**गौतमबुद्ध सन्देश**

पाल्पा।

राष्ट्रपति रामचन्द्र पौडेलले पाल्पाको ऐतिहासिक रणउजिरेश्वरी भगवतीको २०५ औँ रथजात्रा को अवलोकन गरेका छन् । राष्ट्रपति पौडेलले हरेक वर्ष श्रीकृष्ण जन्माष्टमीको भोलिपल्ट पाल्पाको तानसेनमा मनाइने भगवती रथयात्रा दर्शनका साथै भगवती मन्दिर पुगेर भगवतीको पूजाआराधना गरी मूल पूजारीबाट फूल प्रसाद टीका ग्रहण गरेका थिए।

पाल्पाको ऐतिहासिक रणउजिरेश्वरी भगवती रथजात्रा अवलोकनका लागि पहिलो पटक राष्ट्रप्रमुखका रुपमा राष्ट्रपति पौडेल पाल्पाको तानसेन आइपुगेका हुन् । जात्रामा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे र रक्षामन्त्री मानवीर राईसमेत पाल्पा पुगेका थिए।

यसअघि भगवती मन्दिर परिसरमा राष्ट्रपति पौडेललाई लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, लुम्बिनी प्रदेशसभाका सभामुख तुलाराम घर्ति, पाल्पाबाट निर्वाचित संघीय सांसद ठाकुर गैरे, नारायण आचार्य तथा लुम्बिनी प्रदेशसभाका आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्की, स्वास्थ्य मन्त्री खेम सारु, प्रदेशसभा सदस्य बीरबहादुर राना, जिल्ला समन्वय प्रमुख टंकनाथ खनाल, पाल्पाका प्रमुख जिल्ला अधिकारी आनन्दप्रसाद काफ्ले, तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठलगायतले स्वागत गरेका थिए

▶▶ बाँकी पृष्ठ २ मा...

## मुख्यमन्त्री र सभामुखद्वारा सिद्धबाबा सुरुङ मार्गको अवलोकन

### चाँडै ब्रेक थ्रु गर्ने तयारी

**गौतमबुद्ध सन्देश**

भैरहवा।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनाराण आचार्यले निर्माणाधिन पाल्पाको सिद्धबाबा सुरुङ मार्गको अवलोकन गरेका छन् । सुरुङ मार्गको स्थलग निरिक्षण गर्दै मुख्यमन्त्री आचार्यले प्रगतीबारे जानकारी लिएका थिए । बन्दै गरेको सुरुङ प्रदेशको पहिलो सुरुङ मार्ग रहेको बताउदै उनले विकास निर्माणको क्षेत्रमा नयाँ युगको सुरुवात भएको स्मरण गरे । चाँडै सम्पन्न भएर नागरिकलाई आवतजावतमा सहजता हुने, पर्यटन प्रबर्द्धनमा समेत यो मार्गले टेवा पुग्ने विश्वास व्यक्त गरे । यस्तै सभामुख तुलाराम घर्तीमगरले सुरुङ मार्गको अवलोकन गर्दै मृत्यु मार्गको रुपमा परिचित सिद्धार्थ राजमार्गलाई सुरक्षित बनाउन सुरुङ मार्ग कोशेढुंगा सावित हुने बताए।



अहिले सिद्धार्थ राजमार्गअन्तर्गत पाल्पाको सिद्धबाबा सुरुङ मार्गमा विस्फोटक पदार्थ प्रयोग गरेर चौबिसै घण्टा खन्ने काम भइरहेको छ। अवको दुई देखी तीन महिना भित्र सुरुङको 'ब्रेक थ्रु' गर्ने तयारी रहेको सिद्धबाबा सुरुङ मार्ग आयोजना कार्यालयका ईञ्जिनियर सविता ज्ञवालीले जानकारी दिइन्।

यो सडक खण्डमा बारम्बार पहिरो खसेर दुर्घटना बढ्न थालेपछि विकल्पका रूपमा सुरुङ निर्माण थालिएको हो। मुख्य सुरुङको लम्बाइ १ हजार १ सय २६ मिटर छ। यो योजना अन्तर्गत बुटवलतर्फको चिडियाखोलाबाट ९ सय १० मिटर र पाल्पातर्फ ५ सय ६० मिटर दुई लेनमा सडक सुधारको काम पनि गरिने छ। यस खण्डको चार किलोमिटर पहिरो आउने क्षेत्रभित्र पर्छ।

सिद्धबाबा मन्दिर नजिकैबाट सुरुङ छिरेर पाल्पातर्फ तिनाउ जलविद्युत् छेउमा निस्कन मिल्ने यसको निर्माण गरिएको हो। सुरुङको बीचबीचमा आपत्कालीन द्वारका रूपमा तीन वटा क्रस प्यासेज निर्माण भइरहेको छ। सुरुङभित्र केही समस्या आए क्रस प्यासेजबाट निस्कन मिल्नेछ। क्रस प्यासेजहरूको मात्र कुल दूरी ४ सय ४१ मिटर छ। सुरुङ र क्रस प्यासेजसहितको दूरी भने १ हजार ५ सय ६७ मिटर छ। यो खण्ड भएर साना-ठूलासहित औसतमा दैनिक करिब ५ हजार सवारी ओहोरदोहोर गर्छन । पाँच वर्षभित्र निर्माण सक्ने गरी ०७८ फागुनमा सुरुङ मार्गको ठेक्का सम्झौता भएको हो। चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कम्पनीले ७ अर्ब ३४ करोड २१ लाख रुपैयाँमा लिएको छ।

## रूपन्देहीमा 'किसान सेवाकार्ड' अनिवार्य

**गौतमबुद्ध सन्देश**

भैरहवा।




रुपन्देहीका सबै पालिकामा किसान सेवाकार्डलाई लागू गरिने भएको छ । यसका लागि सबै पालिकाले योजनाबद्ध काम गर्ने र तत्काल सेवाकार्डलाई अनिवार्य लागू गर्न पहल गरिने जनाइएको छ । मंगलबार रुपन्देहीका १६ स्थानीय तहहरुको संयुक्त घुम्ती बैठकले यस्तो निर्णय गरेको हो।

ओमसतिया गाउँपालिकामा सम्पन्न १७औं संयुक्त घुम्ती बैठकले किसान सेवा कार्डलाई अनिवार्य रुपमा सबै पालिकामा कार्यान्यिन गर्ने निर्णय गरेको जिल्ला समन्वय समिति, रुपन्देहीका प्रमुख उमाकान्त चपाईंले बताए । किसान कार्डमा किसानको व्यक्तिगत विवरणको साथै उसले पाउने सुविधाहरु पनि उल्लेख गरिने र यसैको आधारमा अनुदानका कार्यक्रमहरु पनि लागु गरिने उनले बताए। 'जिल्लाका सबै किसानलाहरुले पाउने सुविधालाई एकरुपता कायम गर्न किसान कार्डलाई कार्यान्वयन गर्ने निर्णय भएको हो,' उनले भने, 'यस अघि निर्णय भए पनि केही पालिकाले मात्र यसलाई सफल रुपमा कार्यान्वयन गरेका छन् । अबको दिनमा यसलाई सबै पालिकामा लागु गर्ने निर्णय भएको छ। तत्काल कार्यान्वयनको चरणमा लगिने छ। यसमा सबै प्रतिबद्ध पनि हुनुहुन्छ।'

बैठकले गत वर्ष निर्णय गरेको योजनाहरुको उपभोक्ता समिति गठन, उपभोक्ता समितिलाई प्रशिक्षणदेखि योजना कार्यान्वयनको चरणहरुको सबकै प्रक्रिया बैशाख महिना भित्रै पुरा गर्ने कार्ययोजना यस वर्षका लागि पनि गर्ने निर्णय गरेको छ । जसअनुसार असोज मसान्तसम्म उपभोक्ता समिति गठन गर्ने, कार्तिकमा समितिलाई प्रशिक्षण र मंसिरमा योजनाहरुको लागत अनुमान गर्ने निर्णय भएको छ । 'लागत अनुमान बनाउँदा नेपालीमा बनाउनु पर्ने गरि कार्ययोजना बनाएका छौं', प्रमुख चपाईंले भने।

माघ मसान्त भित्र सबै योजनाहरुको सम्झौता गरि सक्नु पर्ने र फागुनदेखि बैशाखको १५ गते भित्र काम सम्पन्न गरि बैशाख मसान्त भित्र भुक्तानी लिई सक्नुपर्ने व्यवस्था गरिएको उनले जानकारी दिए । जिल्ला समन्वय समितिको अगुवाईमा रुपन्देहीमा प्रत्येक महिना घुम्ती बैठक आयोजना हुने गरेको छ।

रुपन्देहीका जनप्रतिनिधिहरुका साझा एजेण्डा बुझ्न तथा प्रत्येक पालिकामा असल प्रयास र त्यहाँका राम्रा कामका अनुशरण गर्ने गरि घुम्ती बैठकको आयोजना गर्ने गरिएको हो । यस्तो प्रकारको घ्म्ती बैठक नेपालमै पहिलो पटक रुपन्देहीमा गरिएको जिल्ला समन्वय प्रमुख चपाईंले बताउँछन् । ओमसतिया गाउँपालिकाका अध्यक्ष मन्जितकुमार यादवको अध्यक्षतामा सम्पन्न भएको बैठकमा बोल्दै रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सार्वजनिक विदाको दिन पास लिएर मात्र सरकारी गाडी चलाउन आग्रह गरे । उनले केही समूहहरुले अवाञ्छित क्रियाकलाप गरि सरकारी गाडीहरुलाई अवरोध गरिरहेकाले उनीहरुको खोजी भई रहे पनि पालिका प्रमुख र उपप्रमुखहरुलाई सरकारी गाडी पास नभई नगुडाउन आग्रह गरे।

यस्तै, जिल्ला प्रशासन कार्यालयले दिने सेवासुविधाको बारेमा आ-आफ्ना पालिकामा जानकारी गराइदिन उनले आग्रह गरे । कार्यक्रममा सुरक्षा निकायका प्रमुखहरुको पनि उपस्थिति थियो । आगामी बैठक रोहिणी गाउँपालिकामा बस्ने निर्णय भएको छ।

## तम्घासमा मनाईयो रोपाइँ जात्रा



**गौतमबुद्ध सन्देश**

गुल्मी।

गुल्मीको तम्घासमा श्रीकृष्ण जन्माष्टमीको भोलिपल्ट मनाईने रोपाइँ जात्रा धुमधामका साथ मनाईएको छ । मङ्गलबार बिहान श्रीकृष्णको रथ यात्रासँगै दिनभर रोपाइँ जात्रा तथा लाखे नाच लगायतका झाँकी प्रदर्शन गरिएको थियो । संयुक्त तम्घास स्थान मन्दिर व्यवस्थापन समितिको आयोजनामा सञ्चालन गरिएको रथ यात्रा तथा रोपाइँ जात्रामा दर्जनौं सङ्घ-संस्थाहरूको सहभागितामा श्रीकृष्ण जन्माष्टमीलाई उल्लासमय रूपमा मनाइएको हो । यहाँका नेवार समुदायले प्रदर्शन गरेको लाखे नाच, रेसुङ्गा माध्यमिक विद्यालयका विद्यार्थीहरूको पञ्चेबाजा सहितको प्रस्तुति देखाएका हुन् । तम्घास्थान मन्दिर नयाँ बजारबाट सुरु भएको रथ यात्रा तथा रोपाइँ जात्रा बजार परिक्रमा पश्चात् चिदिचौर खेलमैदानमा लगेर देखाइएको थियो । यस अवसरमा रेसुङ्गा नगरपालिकाले सार्वजनिक बिदा समेत दिएको थियो। रेसुङ्गा नगरपालिका भित्रको सबैभन्दा ठुलो पर्वको रूपमा श्रीकृष्ण जन्माष्टमी पर्वलाई मनाइँदै आएको संयुक्त तम्घासस्थान मन्दिर व्यवस्थापन समितिका सचिव ताराप्रसाद भुसालले बताए । रथ यात्रामा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राधा माधव समिति, सत्य साई केन्द्र, रक्त सञ्चार समूह, पतञ्जलि योग समिति, पूर्व प्रहरी सङ्गठन, नेपाल स्काउटलगायतका सङ्घ-संस्थाहरूको सहभागिता रहेको थियो । स्थानीय तहले पर्वको अवसरमा सार्वजनिक बिदा दिएपनि बिदाको औचित्य पुष्टि गर्न यहाँका जनप्रतिनिधि, कर्मचारीहरू, रथ यात्रामा सहभागी बन्न नसक्नु निकै दुःखद पक्ष रहेको आयोजकले जनाएको छ । ऐतिहासिक रूपमा सञ्चालन हुँदै आएको रथ यात्रा र रोपाइँ जात्रालाई आगामी दिनमा स्थानीय तहले सबैको सहभागिता उल्लेख्य रूपमा बढाउने गरी वातावरण सिर्जना गर्नुपर्ने सहसचिव विनोद पाण्डेले बताए । वैदिक सनातन संस्कृतिको संरक्षणका लागि सबै जुट्नुपर्ने विश्व हिन्दु महासङ्घ गुल्मीका अध्यक्ष सुरेशचन्द्र भुसालले बताए। उनले समाजमा रहेका विकृति, विसंगतिहरुलाई हटाउन हटाउन यस्ता पर्वहरूले ठुलो महत्त्व राख्ने बताए।

रेसुङ्गा नगरपालिकाको सम्पत्तिका रूपमा रहेको रोपाइँ जात्राको संरक्षण र युवाहरूमा यसको ऐतिहासिकता उजागरका लागि कार्यक्रम गरिएको रोपाइँ जात्रा सञ्चालन समितिका संयोजक निशेष श्रेष्ठले बताए।

# सम्पादकीय

## सावधानी अपनाऔं

२०८१ भदौ ८ गते शनिबार कपिलवस्तुको बाणगंगा नगरपालिका-८ ढोडेकोलमा खोलामा डुबेर दुईजनाको ज्यान गयो। प्रहरीका अनुसार फुटबल खेलर नुहाउन गएका दुई किशोरको कोइली खोलाको भूते रहमा डुबेर मृत्यु भयो। मृत्यु हुनेमा १६ वर्षीय प्रतीक भण्डारी र १५ वर्षीय सरोज सापकोटा रहेका छन्। खोलामा डुबेको देखेपछि स्थानीय र साथीहरूले तत्काल प्रहरीलाई खबर गरेका थिए। प्रहरीले उद्धार गरेर नजिकैको अस्पताल पुऱ्याइएकोमा अस्पतालले ती किशोरहरुलाई मृत घोषित गरेको थियो।

त्यस्तै पोखरीमा डुबेर हलेसी तुवाचुङ नगरपालिका-३ च्यास्मिटारमा एकै घरका दाजुबहिनीको पोखरीमा डुबेर मृत्यु भएको छ। प्रहरीका अनुसार च्यास्मिटार वाङ्मा बस्ने गइन्द्र राईका छोरा ६ वर्षीय संगम राई र छोरी ३ वर्षीया समृद्धि राईको भदौ १० गते सोमबार पोखरीमा डुबेर मृत्यु भएको हो। यसरी पानीमा डुबेर मृत्यु हुने कारण धेरै हुन सक्छ। कोही पानीमा पौडिन सिक्ने चक्करमा नदी वा पोखरीमा डुब्छन्। कोही सामान्य पौडिन जान्ने मानिस आफ्नो प्रतिभा देखाउन ठूला नदीमा जाँदा डुब्छन्। बच्चाहरु नजानेर डुब्न सक्छन्। सावधानी नअपनाउँदा डुबेर ज्यान गुमाउने संख्या बढ्दो छ। पानीमा डुबेको व्यक्तिलाई तत्काल उद्धार गर्न सकियो भने ज्यान बचाउन सकिन्छ। यदि डुबेको कसैलाई बचाउँदै हुनुहुन्छ भने केही नसोची पानीमा हाम फाल्नु हुँदैन। वर्षायाममा खोला, नदी, ताल लगायतमा बाढी आउन सक्छ। यस्तो अवस्थामा बालबालिकाका साथै सबै उमेरका व्यक्तिले समेत सतर्कता अपनाउनुपर्छ। बालबालिकाहरु पानीमा हुँदा वा पानी वरपर हुँदा अभिभावकहरुले निरन्तर निगरानी गर्नुपर्छ। पौडी खेल्ने बेलामा वा अरु कुनै पानीमा गरिने गतिविधि गर्दा बालबालिकाका साथै सबै उमेरका पौडी खेल्न नजान्ने व्यक्तिले लाइफ ज्याकेट अनिवार्य प्रयोग गर्नुपर्छ। बालबालिकाहरुलाई पौडी खेल्ने सीप सिकाउनुपर्छ। र, सीप सिके पनि जहिले पनि सतर्कता अपनाउनुपर्छ। छारेरोग, मुटुरोग, अटिजम जस्ता स्वास्थ्यमा कुनै समस्या छ भने अरुको निगरानीमा मात्र पानी वरपर जानुपर्छ। पौडी खेल्न जाँदा सधैं पौडी खेल्न जान्ने अभिभावकसँग मात्र जानुपर्छ र सम्भव भएसम्म बचाउकर्ता (लाइफगार्ड) भएका पौडी खेल्ने स्थानमा मात्र जानुपर्छ। पौडी खेल्दा सावधानी अपनाउनुपर्छ।

# महिला अधिकार : सकारात्मक सामाजिक अभ्यास



✍ वर्षा गौतम

नेपालमा महिला राष्ट्रपति, महिला सभामुख र महिला प्रधानान्याधिश भइसकेको अवस्था रहेकोले महिला अधिकारको वकालत गर्नुभन्दा कानूनी राज्यको प्रत्याभति दिनु जरुरी छ। कानूनलाई सहज, सुदृढ, सशक्त र प्रभावकारी बनाउन कार्यान्वयनमा जोड दिनुपर्छ। महिलाहरुलाई न्याय प्रणालीमाथि आशा, भरोसा र विश्वास हुनुपर्छ। कानून कार्यान्वयनमा उदासीनता हुनु, भएका कानून र व्यवस्थाबारे सरोकारवाला समुदायसम्म सूचना र सहज पहुँच नहुनु र प्रभावकारी कार्यान्वयन नहुनु, पैरवीमा लामो समय पर्खिनुपर्ने जस्ता कुराहरु नै सबैभन्दा ठूला चुनौतीहरु हुन।

त्यसैले महिलाहरूले सधैभरी पितृसत्तात्मक परिवारलाई दोष लगाउनुभन्दा अब न्यायमा महिलाको पहुँच स्थापित गराउन, महिला अधिकार सुनिश्चित गर्न र सशक्तिकरणको लक्ष्य प्राप्त गर्न सबै पक्ष र क्षेत्रमा सुदृढीकरण गर्दै सकारात्मक सोच, दृढ इच्छाशक्ति र प्रतिवद्धताका साथ राज्यका सबै तह, निकाय र संरचना, सामाजिक संघ-संस्थाहरू, विकास साझेदार, सञ्चारकर्मी, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाज र सम्पूर्ण सरोकारवाला पक्षले आ-आफ्नो ठाउँबाट जवाफदेही भएर हस्तक्षेपकारी भूमिका निर्वाह गर्न आवश्यक छ।

महिलाहरुलाई पीडित बनाएर सहयोगी बन्नुभन्दा आर्थिक रूपले आत्मनिर्भर बनाउनुपर्छ। सकारात्मक सोचको विकास गर्नुपर्छ। कुनै पनि परम्परा नराम्रो आफैमा हुँदैन। पितृसत्तात्मक र मातृसतात्मकले केही हुँदैन। सोच परिवर्तन हुनुपर्छ। महिला-पुरुषको सहअस्तित्व नै प्राकृतिक छ। त्यसैले आरोप र आन्दोलनले हुँदैन। उदार सोच र प्रेमले संसार परिवर्तन गर्न सकिन्छ। पुरुषको भाषा पुरुषत्व देखाउने चाहनासँग गाँसिएको छ। यो स्वनिर्भरता देखाउन, आफू केन्द्रमा रहन, आफ्नो ज्ञानको प्रदर्शन गर्न र आफ्ना वाक्कला देखाउनको निम्ति मात्र कुराकानीमा सहभागीता जनाउँछन्। उनीहरू आफ्नो सफलता प्रदर्शन गर्नुपर्ने कुरामा अत्यन्तै सचेत हुन्छन्। यस्तो अवस्थामा, यस्तो वातावरणमा बाँचिरहेको पुरुषको जीवन कति अस्वभाविक र जटिल हुन्छ, हामी सजिलै कल्पना गर्न सक्छौं।

पुरुषको जीवनमा मायाको, कोमलताको प्रवेश निषेध गराएर पितृसत्ताले उमाथि सदासर्वदा अत्याचार गरेको हुन्छ। हुर्कंदै गरेको कलिलो बालकको मस्तिष्कमा रुनुहुँदैन, रोयो भने कमजोर भइन्छ भन्ने विचार भरिदिइन्छ। विद्यालयको प्रांगणमा होस् वा घरको आँगनमा खेल्दा चोट लिएर आएको छोरालाई प्रेमले सुम्सुम्याउनुको साटो, उसको भरिएका आँखाको उपहास गर्दै के छोरी जस्तो रोएको भनेर उसलाई आँखाभित्रै आँशु लुकाउन सिकाइन्छ।

हामी एउटा बालकलाई केटाकेटीहरुको बालापन समेत खोसिरहेका छौं। एउटा बालकले सामाजिक दबाबमा परेर कोमलतालाई, कमजोरीलाई लुकाउन सिकाइन्छ। मेरो बाबा भन्नुहुन्छ उहाँ मेरो फुपूसँगै विद्यालय जानुहुन्थ्यो। घरमा आएपछि फुपूले घरको भान्सामा सघाउनुहुन्थ्यो। तर, बाबालाई हजुरआमाले बाबुछोरा खाना पकाउने, पोछा लगाउने, भाडावर्तन सफा गर्ने काम छोरी मान्छेको हो तिमी नगर भन्नुहुन्थ्यो रे। फुपूले पनि हजुरआमाले भनेको मान्नुपर्यो। सुस्तसुस्त बाबा यही कुरामा बानीको रुपमा विकसित हुनुभयो। उहाँ अहिले पेशाले प्राध्यापक हुनुहुन्छ। महिला अधिकार र समानताको स्पष्ट वक्ता हुनुहुन्छ। तर, उहाँ खाना पकाउन कठिन काम मान्नुहुन्छ। अरु सारा काम गर्न तयार हुनुहुन्छ। तर, घरको काम गर्नुहुन्न। कारण-बालापनमा उहाँलाई यही सिकाइयो। त्यही नै उहाँको जीवनको गाईडलाईन बन्यो। वचपनमा जे़ सिक्यो त्यही जीवनभर रहन्छ त्यही नै जीवनको आदर्श बन्न पुग्छ। त्यसैले छोराछोरीको लागि सही विद्यालय छनोट गर्ने काम बाबुआमाको हो भने विश्वविद्यालय रोज्ने काम छोराछोरीको हो। विभेद परिवारवाट सुरू हुन्छ। त्यसैले परिवार नै जीवनका आदर्श र वास्तविकताका आधार सिकाउने शिक्षालय हो, जग बसाउने आधार हो। प्राकृतिक नैसर्गिक कुराहरूबाहेक अन्य कुराहरूमा पुरुषलाई हामी पर्गेल्नपर्ने देखिदैन। माया गर्न सिकाउँदैनौं अनि निष्ठुर छ भन्छौ। सानैदेखि ढोंगी बनाउन आफ्नो भावना अभिव्यक्त गरेमा कमजोर भइन्छ भनेर सिकाउँछौं। सौर्य प्रदर्शन गर्न सिकाउँछौं अनि पीडा लुकाउन तालिम दिन्छौं। फेरि कसैले जब आफ्ना पीडा, कष्ट, पीर लुकाउनकै निम्ति आफ्नो जीवन नै समाप्त गर्नेसम्मको निर्णयमा पुग्छ अनि प्रश्न गर्छ किन उसले आफ्नो पीडा लुकायो ? किन आफ्ना मित्र र प्रियजनसँग अभिव्यक्त गरेन ? किन बाँडेन आफ्नो व्यथा ? के उसलाई थाहा छैन र, यदि उसले आफ्नो दुःख, आफ्नो घाउ देखाएको भए यही समाजले उसलाई हुतिहारा, नामर्द र कमजोर भनेर भन्थ्यो भनेर ? त्यसैले त पुरुषहरूले समाजले भिडाइदिएको बौद्धिकताको, सफलताको, प्रतिष्ठाको बिल्लालाई आफ्नो हृदयको घाउ छोप्ने कवच बनाएर छोपिरहे, लुकाइरहे, पीडा ठ्याक्कै त्यसरी नै जसरी प्रत्येक हुर्कंदै गरेको बालकलाई हामी वयस्कले सिकाउँदै आएका छौं।

मलाई लाग्छ यही हुर्काइले बलियो भइरहनुपर्छ, सफल मात्र हुनुपर्छ, विजय मात्र हुनुपर्छ, खरो मात्र हुनुपर्छ भनेर सिकायो पुरुषलाई। अनि कसरी सक्थे तिनले सफलताको निम्ति बजेको तालीको आवाजलाई छिचोलेर आफ्नो पीडामा डाँको छोड्न। त्यसैले त होला नि हृदयको जलन, त्यो औडाहा खप्न नसकेरे छटपटीमा बित्छ तिनका जीवनका अमूल्य पल। पुरुष किन आफ्नो दुःख बाँड्न रुचाउँदैनन् ? यसको लागि समाज दोषी छ। पुरुषलाई दया, माया, सहानुभुतिका कुरा सिकाइँदैन। महिलाभित्रको माया र सहानुभुतिलाई पन्छाउनुपर्छ, सिकाउनुपर्छ। हामी महिलाहरु केवल पुरुषको अहमतालाई मात्र देख्छौं। तर, आँट र साहस र सफलतालाई हेर्दैनौ। पुरुषलाई पनि मायाको खेलको नियम सिकाइनुपर्छ। माया त टेनिस बल जस्तै हो नि खेलाडीले जति जोडले हान्छ अर्कातर्फबाट पनि त्यति नै जोडले वापस आउँछ। खेलमा पार्टनरले फ्याँकेको बलको गति र लय पक्रिन भेउ नपाउने खेलाडी सिधै आउट नत्र भने पनि उसले ज्यादै कम पोइन्ट मात्र ल्याउँछ। यसमा दुई समूहको नै महत्व समान हुन्छ। चाहे छोरा, दाजु/भाइ, पति, बुवा जुनसुकै भूमिका निर्वाह गर्दा पनि पुरुषले प्रेम निशर्त गर्न जानेन भन्ने गुनासो हुने गर्छ। उसको प्रेम अभिव्यक्त गर्न नसक्ने बानीको हामी आलोचना गर्छौं र कतिपय अवस्थामा उसलाई घृणा गर्न समेत पछि पर्दैनौं। यति गर्दागर्दै हामी के बिर्सन्छौं भने हामीले हुर्कंदै गरेको बालकलाई नै सिकाउनुपर्छ जीवन चलाउन आवश्यक पर्ने ऊर्जा माया हो भनेर। सद्दाम हुसेनले बाल्यकालमा पाएको माया र बुद्धले पाएको माया फरक भएर नै होला उनीहरुको चरित्र र जीवनमा पनि। सद्दाम कठोरता क्रुरताको प्रतिक बने भने बुद्ध शान्तिको प्रतिक बने। भनिन्छ मायाले संसार जितिन्छ, घृणाले घृणा जन्माउँछ। जहाँ माया हुँदैन, कोमलता हुँदैन, त्यो जीवनमा शीतलता हुँदैन कठोरता र तिरस्कार मात्र हुन्छ।

हामीले हुर्कंदै गरेका हाम्रा कलिला बालबालिकाहरुलाई, हुर्कंदै गरेका हाम्रा छोराछोरीहरूलाई के सिकाउनुपर्छ भने उपलब्धि मात्र सफलता होइन, सबथोक होइन। यो त केवल जीवनको एउटा सानो पाटो मात्र हो एउटा बालकले आफ्ना मातापिताले आफूलाई ध्यान दिउन् भन्ने तीव्र चाहना राखेको हुन्छ। यदि हामीले उसको चाहना बुझ्न सकेनौं भने धुम्रपान गर्ने जस्तो खराब लतदेखि आत्महत्या गर्नेसम्मको जोखिम हुन सक्छ। वास्तवमा भन्ने हो भने पुरुषहरू समाजले, परिवारले गरेको भावनात्मक उपेक्षाका कारणले गर्दा मानसिक र शारीरिक क्षति व्यहोरिरहेका हुन्छन्। भावनालाई दबाएर राख्ने पुरुषत्वको प्रदर्शन गर्नुपर्ने दबाबका कारण, पुरुषले मानसिक स्वास्थ्य समस्याहरू भोग्नुपर्छ। उनीहरू डिप्रेसन र चिन्ताको शिकार हुने मात्र होइन, आत्महत्या गर्ने अवस्थामा समेत पुग्छन्। जोखिम मोल्ने चुनौतीको कारण सबैभन्दा बढी दुर्घटनाको कारण, हत्या हिंसाको कारण, जेल जाने र ज्यान गुमाउने पनि पुरुष नै हुन्छन्। यो वास्तविकतासँग अनभिज्ञ छौं।

तसर्थ, महिला-पुरुष परस्पर विरोधी होइनन् बरु एक-अर्काका पुरक हुन्। एउटा अस्तित्व अर्कामा अडेको छ। सबै मुर्ख वेदव्यास बन्न सक्दैनन। सबै पुरुष देवता छैनन्। न त सबै महिलाहरु देवी छन्। सहअस्तित्व, सहयोग र सहकार्यमा संसार अडेको छ। सृष्टिकालदेखि अनन्तकालसम्म यो रहनेछ रहिरहने छ। यही नै निरन्तरता हो। यही नै सार्थक जीवन हो।

सदियौंदेखि चलिरहेको महिला अधिकार आन्दोलन आज पनि जारी छ। अधिकारको अर्थ समानता, स्वतन्त्रता, अवसर, पहुँच, पहिचान र हैसियतको प्रयोगमा बराबरीको हिस्सा हो।

यो बराबरी अथवा समानताको प्रयोग घरदेखि समाज हुँदै राज्यका हरेक क्षेत्र, तह र संरचनामा प्राप्त गर्न, प्रयोग गर्न पाउनु र सक्नु हो। महिला भएकै कारण हुने कुनै पनि विभेद, अन्याय र हिंसाबाट मुक्त हुनु हो। समग्रमा महिलाको मानव अधिकारको प्रत्याभूति हुनु नै महिला सशक्तिकरण हो।

## राष्ट्रपति...

जात्राको अवलोकनसँगै राष्ट्रपति पौडेलले 'द फेमस महिन्द्र दल गण'को निरीक्षण गर्नुका साथै पाल्पाका निर्वाचित जनप्रतिनिधिलगायतका सरोकारवाला निकायसँग भेटघाट गरेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए।

प्रेस सल्लाहकार पोखरेलका अनुसार राष्ट्रपति पौडेलले रणउजिरेश्वरी भगवतीको मन्दिर पुरानै शैलीमा तीन तले बनाउन पुरातात्विक विभागले गरेको सिफारिस कार्यान्वयन गर्न सम्बद्ध निकायको ध्यानाकर्षण गराएका छन्। त्यस्तै पाल्पा दरबार र त्यहाँ निर्मित सङ्ग्रहालयसहित समग्र दरबार परिसरलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने तथा त्यसलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने चाहना र प्रयासलाई मूर्तरूप दिन उनले सरकारको ध्यानाकर्षण गराएका छन्। राष्ट्रपति पौडेलले रथयात्रालाई अब प्रदेशस्तरीय निर्णयबाट राष्ट्रिय पर्वका रूपमा घोषणा गर्ने सरकारी तयारी चाँडै पूरा हुने विश्वास व्यक्त गरेको सल्लाहकार पोखरेलले जानकारी दिए।

नेपाल-अंग्रेज युद्धमा नुवाकोट जीतगढीमा अंग्रेज सेनालाई पराजित गरेको खुसीयालीमा हरेक वर्ष भाद्र कृष्ण नवमीका दिन पाल्पाको तानसेनमा भगवती जात्रा निकालिँदै आएको छ। तत्कालीन पाल्पाका तैनाथवाला कर्णेल उजीरसिंह थापाले ब्रिटिस साम्राज्यको आक्रमणबाट नुवाकोट जीतगढीमा जोगाएको सम्झनामा हरेक वर्ष भाद्र कृष्ण नवमीमा रथयात्रा निकालिँदै आएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष महर्जनले बताए।

तत्कालीन कर्णेल थापाले युद्धमा जानुअघि भगवतीको आराधना र भाकल गरी विजय प्राप्त गरेको विश्वास स्वरूप त्यसैको खुसीयालीमा भगवतीको रथयात्रा विक्रम सम्वत् १८७७ देखि बजार परिक्रमा गराउन सुरु गरिएको हो। युद्धमा विजयी पश्चात् विसं १८७२ मा निर्माण थालनी गरी विसं १८७६ मा तीन तले मन्दिर पूरा गरेको इतिहासमा उल्लेख छ। कर्णेल उजीरसिंह थापा नेतृत्वको फौजले विसं १८७२ वैशाख ७ गते जीतगढीमा अंग्रेज सेनालाई पराजित गरेको इतिहासविद्ले उल्लेख गरेका छन्।

# युवा रेडक्रस सर्कल पक्लिहवा कृषि क्याम्पसद्वारा रक्तदान

**गौतमबुद्ध सन्देश**

भैरहवा।

युवा रेडक्रस सर्कल कृषि तथा पशु विज्ञान अध्ययन संस्थान पक्लिहवा क्याम्पस, रुपन्देहीको आयोजनामा सोमबार खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ। नेपाल रेडक्रस सोसाइटीको स्थापना दिवसको अवसरमा रेडक्रस सोसाइटी, बेलहिया उपशाखाको सहकार्यमा सोमबार क्याम्पस प्रांगणमा भएको कार्यक्रममा ४७ प्वाइन्ट रगत संकलन भएको आयोजकले जनाएका छन्।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि नेपाल रेडक्रस सोसाइटी रुपन्देहीका कोषाध्यक्ष तथा युवा समाजसेवी सुशील गुरुङ्गले



रेडक्रस सदैव मानवीय सेवामा समर्पित रहेको बताए। उनले रक्तदान कार्यक्रमले रगतको अभाव हुन नदिइ बिरामीको ज्यान बचाउने भएकाले यो महत्वपूर्ण र पवित्र कार्य भएको बताए। युवा रेडक्रस सर्कल, पक्लिहवा कृषि क्याम्पसका अध्यक्ष नरेश उपाध्यायको सभापतित्वमा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी, बेलहिया उपशाखाका अध्यक्ष राकेश गुरुङ्ग, नयाँगाउँ रानीगाउँ गाउँ समाजका अध्यक्ष याम बहादुर थापाले मानव जीवनमा रगतको महत्व, यसको सोधभर्ना, मानवीय कार्यमा रेडक्रसले खेलेको भूमिकाको बारेमा धारणा राखेका थिए। कार्यक्रम संयोजक अस्मिता के.सी.को स्वागत तथा रणसिंह सुवेदीको सञ्चालनमा भएको कार्यक्रममा रेडक्रस बेलहिया उपशाखाका पूर्वअध्यक्ष सुमन शर्मा, सचिव माधव शर्मा, सदस्य राजु खड्का, प्रतिक थापा मगर, अविचल जंग के.सी, गौरव थापा लगायतको उपस्थिति रहेको थियो।

# एकैदिन १११ अंकले घट्यो नेप्से

भैरहवा। (गौबुस)

नेप्से परिसूचक दुई दिनमा १९१.८४ अंकले घटेको छ। आइतबार र मंगलबार दुई दिनको कारोबारमा नेप्सेले यो अंक गुमाएको हो। मंगलबार नेप्से परिसूचक एकैदिन १११.९६ अंकले घटेर २७८२.६० विन्दुमा आइपुगेको हो। अन्तिम विन्दुको आधारमा नेप्सेले उच्च विन्दु ३००१ बाट २३ प्रतिशत गुमाएको छ। पछिल्लो अन्तरदिनको उच्च विन्दु भने ३०४८ हो। फिबोनाची रिट्रेशमेन्टको आधारमा २३ प्रतिशतमा हुने विन्दु, ३८ प्रतिशतमा हुने विन्दु, ५० प्रतिशतमा हुने विन्दु र ६१ प्रतिशतमा हुने विन्दुलाई हेरेर बजारले कहाँ, कहाँ टेवा पाएरबाट बढ्न सक्छ भनेर हेरिन्छ। नेप्सेले अहिले २३ प्रतिशत गुमाएकोले बजार यहाँबाट फर्किन सक्ने सम्भावना समेत छ। यसअघिका बुलमा समेत बजारले नयाँ उचाइ कायम गर्नुअघि केही ठूला करेक्सन लिएर बढेको पाइन्छ। मंगलबार अन्तरदिनको कारोबारमा समेत नेप्से २७७१.६२ विन्दुबाट बढ्ने प्रयासमा देखिएर बजार बन्द भयो। यसदिन ३३० वटा धितोपत्रको चार करोड ३८ लाख ६८ हजार ९७० कित्ता सेयर किनबेच भएको हो। मंगलबार २० कम्पनीको सेयर मूल्य बढेको छ भने २२३ वटाको घटेको छ। यस्तै, एक कम्पनीको सेयर मूल्य स्थिर रहेको छ। यसदिन तीन कम्पनीको सेयर मूल्य १० प्रतिशतले बढेको छ। तारागाउँ रिजेन्सी, आत्मनिर्भर लघुवित्त र दोल्ती पावरको सेयर मूल्य १० प्रतिशतका दरले बढेको छ। यस्तै, नेपाल फाइनान्सको मूल्य सर्वाधिक १० प्रतिशतले घटेर प्रति कित्ता एक हजार ८२७ रूपैयाँमा झरेको छ।

# ढिलासुस्ती र बहानाबाजी गर्ने छुट कसैलाई छैन: मुख्यमन्त्री

**गौतमबुद्ध सन्देश**
पाल्पा।




लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले जनताका गुनासाहरु प्रत्येक्ष रुपमा सरकारले सुनवाइ गर्ने बताएका छन्।

नेपाल पत्रकार महासंघ पाल्पा शाखाले मंगलबार पाल्पामा आयोजना गरेको सम्मान तथा पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै सेवा प्रवाहमा हुने ढिला-सुस्ती बारे नागरिक तहबाट हुने गुनासोलाई प्रदेश सरकारले सुनुवाइ गर्ने बताएका हुन् । प्रदेश सरकारका मन्त्रालय, विभाग, निर्देशनालय तथा जिल्ला तहमा रहेका कार्यालयहरुमा अनिवार्य रुपमा गुनासो पेटिका राख्ने र त्यसको प्रभावकारी कार्यान्वयन गर्न आग्रह गरेका हुन् । 'कर्मचारीले दुःख दिएको छ कि ? जनप्रतिनिधिले दुःख दिएको छ कि ? यो कुरा सुझाव पेटिकामार्फत गुनासो संकलन गर्छौं,'उनले भने,'सरकारले प्रदान गर्ने सेवालाई नागरिक मैत्री बनाउँछ। ढिलासुस्ती गर्ने, बहानाबाजी गर्ने छुट कसैलाई छैन । सरकारले नागरिकको गुनासो सुन्छ।' नयाँ सरकार गठन भएदेखि सुशासन, पारदर्शीता र जवाफदेहिताको क्षेत्रमा निर्मम ढंगले सरकारले काम गर्न खोजेको स्पष्ट पारे । 'प्रदेश सरकार निर्मम भएर अघि बढ्न खोजेको छ। भ्रष्टाचार न्यूनीकरणका लागि पाँच वर्षे रणनीतिक कार्ययोजना निर्माण, उपभोक्ता समितिको नाममा काम लिने र ठेकेदार मार्फत काम गर्ने प्रवृत्ति निरुत्साहित गर्न पाँच लाख माथिका योजना ठेक्कामार्फत कार्यान्वयन गर्दैछौं,' उनले भने,'यसरी प्रदेश सरकारले नागरिक तहमा बढ्दै गएको निरासाहरुलाइ चिर्दै आशामा बदल्न खोजेको छ।'

मुख्यमन्त्री र मन्त्रीहरुलाई आचारसंहिताको बन्धनमा राखिएको, जसबाट मन्त्रीको जिल्ला भ्रमणमा हुने फजुल खर्च नियन्त्रण हुने विश्वास व्यक्त गरे । 'मुख्यमन्त्री, मन्त्रीहरुले के गर्न हुने, के गर्न नहुने भनेर आचारसंहिताको निर्माण गरेका छौं । आँटका साथ आचारसंहिता जारी गरेर कार्यान्वयन गरेका छौं,' उनले भने,'अनावश्यक भ्रमण गरेर प्रदेश सरकारलाई आर्थिक भार थोपर्ने प्रवृत्ति रोक्न खोजेका छौं।'

प्रदेश सरकारले रिक्त कर्मचारीको दरबन्दी फुलफिल गर्ने योजना बनाएको सुनाए। उनले झण्डै २ हजार कर्मचारी लोकसेवामार्फत पदपूर्ति गर्ने प्रक्रिया सुरु भएको बताए । पाल्पा जिलको समग्र विकासका लागि प्रदेश सरकारले १ अर्ब ६५ करोड बजेट पुँजीगत आयोजना लागि बिनियोजन भएको जानकारी दिए । मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले भगवती रथ यात्रालाई महत्त्व दिएको, सार्वजनिक विदा दिएर सम्मान गरेको बताए। 'प्रदेशले गौरवको पर्व मानेको छ। मन्दिर पुनर्निर्माण गर्ने जिम्मेवारी सरकारले लिन्छ। उच्च प्राथमिकतामा राखेर काम गर्छ,' उनले भने,'मन्दिरको पुनर्निर्माण प्रदेश सरकारको जिम्मेवारी र दायित्व हो।'

नेपाल पत्रकार महासंघ पाल्पा शाखाका अध्यक्ष रिखिराम रानाको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार महासंघ पाल्पाका संस्थापक अध्यक्ष तथा प्रेस स्वतन्त्र सेनानी मेघराज शर्माले जनतामा बढ्दै गरेको निरासालाइ चिर्न जरुरी रहेको बताए । जनतामा आशा जगाउनका लागि विकृतिमा विरुद्ध सरकार कठोर बन्नुपर्ने धारणा उनले राखेका छन्।

यस्तै, लुम्बिनी प्रदेशसभाका सभामुख तुलाराम घर्तीले राष्ट्रिय स्वाधीनताको विचारलाई आत्मसात गर्नुपर्ने बताए। राष्ट्रिय पर्वको मान्यता दिन आवश्यक रहेको, रणउजेरिश्वरी मन्दिरको लागि पुनर्निर्माणको लागि प्रयाप्त बजेट सुनिश्चित गर्न आवश्यक रहेको उनले बताएका छन् । उनले सामाजिक अराजकता बढ्दै गरेको प्रति चिन्ता व्यक्तसमेत गरे । कार्यक्रमलाई प्रतिनिधिसभा सदस्य ठाकुर गैरे, नारायण आचार्य, लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की, स्वास्थ मन्त्री खेमबहादुर सारु मगर लगायतले सम्बोधन गरेका थिए । कार्यक्रममा विभिन्न विधामा कलम चलाउने २१ जना पत्रकारलाई सम्मान तथा पुरस्कृत गरिएको थियो।

# काठमाडौं विमानस्थल मर्मत हुने, भैरहवा र पोखराबाट उडान गर्न पत्राचार

**गौतमबुद्ध सन्देश**
भैरहवा।



काठमाडौंबाट आन्तरिक र अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवा कम्पनीहरुले अब भैरहवा र पोखराबाट अनिवार्य सेवा दिनुपर्ने भएको छ । काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको ट्याक्सी वे मर्मत सम्भार गर्नुपर्ने भएकोले उक्त समयावधीमा कटौती हुने उडान काठमाडौं बाहिर विमानस्थलबाट गर्नका लागि नेपाल नागरिक उड्ययन प्राधिकरणले वायुसेवा कम्पनीहरुलाई पत्राचार गरेको छ। जसकारण काठमाडौंबाट सेवा दिदै आएको कम्पनीहरुले अब भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अनिवार्य उडान गर्नुपर्ने भएको छ।

प्राधिकरणका अनुसार आगामी असोज ११ गते देखि मर्मत सम्भारका लागि राती १० बजे देखि बिहान ८ बजेसम्म विमानस्थल बन्द रहनेछ। जसकारण सो समयावधीमा काठमाडौंबाट ३३ प्रतिशत उडान कटौती हुने देखिएको छ।

'यही उडान कटौतीका कारण सेवा प्रदान गर्ने सबै कम्पनीहरुलाई भैरहवा र पोखराबाट उडान गर्न पुनः व्यवस्थापन तालिका बनाउन आग्रह गर्दै पत्राचार गरेका छौँ' प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले भने।

काठमाडौंबाट सेवा प्रदान गर्ने वायुसेवा कम्पनीहरुले करिब पाँच महिनाको उडान अवतरणको पुनःतालिका बनाउनु पर्ने हुन्छ । हाल काठमाडौं विमानस्थल २१ घण्टा संचालन रहेको असोज ११ गतेबाट दश घण्टा बन्द भएपछि ११ घण्टामात्र संचालन हुनेछ।

उक्त समयमा धावनमार्ग अवरुद्ध हुनेभएकाले हुन नसक्ने उडानमध्ये भैरहवाबाट २० प्रतिशत र पोखराबाट १० प्रतिशत उडान गर्नका लागि तालिका बनाउन कम्पनीहरुलाई पत्राचार गरिएको उनले बताए। अर्बौं लगानी लगाएर ठ्डाइएको विमानस्थल सुनसान भएपछि प्राधिकरणले यही मौकामा कम्पनीहरुलाई काठमाडौं बाहिर विमानस्थलबाट सेवा दिनुपर्ने पत्र पठाएको हो । काठमाडौंबाट सेवा दिदै आएको कम्पनीहरुले बाध्यात्मक अवस्थामा भैरहवा र पोखराबाट सेवाप्रदान गर्न सुरु गरेपछि यी विमानस्थलहरु चलायमान हुने विश्वास लिइएको छ।

# भैरहवामा 'लाईफ ट्रान्सफर्मेशनल सेमिनार' हुँदै

**गौतमबुद्ध सन्देश**
भैरहवा।




रुपन्देहीको भैरहवामा विगेष्ट युथस् 'लाईफ ट्रान्सफर्मेशनल सेमिनार' हुने भएको छ। जिनियस बिज लाईफको आयोजनामा भदौ १२ गते बुधबार (आज) उक्त सेमिनार हुने भएको हो । आयोजकले मंगलबार भैरहवामा पत्रकार सम्मेलन गरी सेमिनारबारे जानकारी गराएका छन्।

जिनियस बिज लाईफका प्रमुख कार्यकारी अधिकृत (सिईओ) कृष्ण साह कानुले रुपन्देहीमा पहिलोपटक यो कार्यक्रम गर्न लागिएको बताए। उनका अनुसार कार्यक्रम दुई सत्रमा सञ्चालन हुनेछ । 'पहिलो सत्रमा यस वर्षको माध्यमिक शिक्षा परिषद् (एसईई) परीक्षा दिने हाल कक्षा १० मा अध्ययनरत विद्यार्थीहरु सहभागी हुनेछन् भने दोस्रो सत्रमा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुको सहभागीता रहनेछ, 'उनले भने । पहिलो सत्र बिहान ७:४५ बजेदेखि र दोस्रो सत्र बिहान ११:३० देखि सुरु हुने उनले जानकारी दिए।

भैरहवास्थित सिद्धार्थ भिलासामा हुने कार्यक्रमको पहिलो सत्र रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल र दोस्रो सत्र सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खानको प्रमुख आतिथ्यतामा हुने उनले जानकारी दिए।

सेमिनारमा प्रशिक्षक तथा कलाकार सन्दिप क्षेत्रीले ग्रो ह्याप्पीली विषयमा र एआई प्रशिक्षक आलोक खत्रीले एआई फर नेक्सट् जेनेरेसन विषयमा प्रशिक्षण दिने कानुले बताए । 'कार्यक्रममा करिब १ हजार ५ सय जना विद्यार्थीहरुको सहभागीता रहने उनले बताए।

'सेमिनारमा प्रवेश शुल्कवापत रु. ३ सय राखिएको छ, सामूदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई निःशुल्क प्रवेशको व्यवस्था गरेका छौं, यो कार्यक्रम गैरनाफामूलक हो । कार्यक्रममा सहभागी विद्यार्थीहरुलाई प्रमाणपत्र उपलब्ध गराइनेछ । समाज रुपान्तरणका लागि विद्यार्थीहरुलाई उत्प्रेरित गर्न सकियोस् भन्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो, 'उनले भने। कृष्ण साहले यसअघि रुपन्देहीमा १ सय बढी उत्प्रेरणात्मक कार्यक्रम सम्पन्न गरिसकेका छन् । पत्रकार सम्मेलनमा कलाकार तथा प्रशिक्षक सन्दिप क्षेत्रीले कार्यक्रममा आउन पाउँदा आफू निकै उत्साहित भएको बताए।

लिडरसीप स्कील्स डेभलपमेन्ट ट्रेनिङ्ग (एलएसडीटी) का प्रशिक्षक विजय पाण्डेले सन्दिप क्षेत्री र आलोक खत्री रुपन्देहीमा आउन सबैका लागि गर्वको कुरा भएको बताए।

# भैरहवामा प्रथम बालगोपाल उत्सव

**गौतमबुद्ध सन्देश**
भैरहवा।




भैरहवामा प्रथम बालगोपाल उत्सव-२०८१ मनाइएको छ। श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर बालगोपाल उत्सव मनाइएको हो।

भगवान श्रीकृष्णको जन्मउत्सव र महिमाबारे बालबालिकासहित आम नागरिकलाई जानकारी दिने उद्देश्यले बालगोपाल उत्सव मनाइएको हो। द आर्ट अफ लिभिङको आयोजनामा मनाइएको उत्सवमा विभिन्न विद्यालयमा अध्ययनरत बालबालिकालाई श्रीकृष्ण भगवानको रुपमा सजाइएको थियो । सो अवसरमा श्रीकृष्ण भगवानको महत्व, महिमाको विषयमा जानकारी गराइएको र साँस्कृतिक कार्यक्रम समेत गरिएको दिपेन्द्र प्रधानले जनकारी दिए।

ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता मानिने श्रीकृष्णको जन्म द्वापर युगमा भाद्र कृष्णअष्टमीको मध्यरातमा भएकाले आजको दिनलाई 'श्रीकृष्ण जन्माष्टमी' र रातलाई 'मोहरात्रि' भनिन्छ।

पौराणिक कथन अनुसार अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवको रक्षा गर्न भगवान् विष्णुको आठौं अवतारका रूपमा जन्मिएका श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गरेको बताइन्छ ।महाभारतका अनुसार कुरुक्षेत्रमा कौरवहरूसँगको लडाइँमा संलग्न पाण्डवहरूमध्येका अर्जुनलाई उपदेश दिने क्रममा स्वयं उनीबाट व्यक्त 'श्रीमद्भागवत गीता' हिन्दूहरूको पवित्र ग्रन्थ मानिन्छ।

# अवैध रूपमा अमेरिका जान हिंडेका १७६ नेपाली ब्राजिलमा अलपत्र

११ भदौ, काठमाडौं।

अवैध रूपमा अमेरिका हिंडेका १७६ जना नेपाली ब्राजिलमा अलपत्र परेका छन् । ब्राजिलस्थित नेपाली दूतावासले पनि १७६ जना नेपाली साओपाउलो विमानस्थलको ट्रान्जिट इलाकामा रहेको पुष्टि गरेको छ। सबै सकुशल रहेको र आवश्यक मानवीय सहायता पुऱ्याउने दूतावासले जनाएको छ।

मानव तस्करहरुको समूहले अवैध रुपमा अमेरिका प्रवेश गराउने भन्दै ब्राजिल लगायतका दक्षिण अमेरिकी देशहरु पुऱ्याउने गरेका छन्।

पछिल्लो समय ब्राजिलले नेपाल लगायतका केही देशका राहदानी बाहकलाई प्रवेशाज्ञा लिएको भए मात्र ब्राजिल प्रवेशको अनुमति दिने नियम ल्याएको छ।

अब नेपाली आगन्तुकले ब्राजिल भएर सिधै गन्तव्य मुलुकतर्फ उड्न पाउने, त्यसरी नगएमा विमानस्थलबाट फर्काउनेछ । 'विमानस्थलमा शरणार्थीको मान्यता नदिइने जनाइसकेको छ', नेपाली दूतावासले भनेको छ।

साथै दूतावासले जायज कारण भए पुष्टि हुने कागजात र प्रवेशाज्ञा पाएर मात्र ब्राजिल आउन वा ब्राजिल भएर अरू देशको भ्रमणमा जान अनुरोध समेत गरेको छ।
























क.र.दर्ता नं. १४५१६७/०७२/७३
रुपन्देही जि.हु.दर्ता नं. १२/०७१/७२

# साउन महिनामा सवा ४ अर्बको विद्युत् भारत निर्यात



११ भदौ, काठमाडौं ।

चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो महिनामा ४ अर्ब १९ करोड रुपैयाँको विद्युत् भारत निर्यात भएको छ।

नेपाल विद्युत् प्राधिकरणले साउनमा देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गरी ४ अर्ब १९ करोड ३९ लाख २४ हजार रुपैयाँ आम्दानी गरेको छ। साउनमा दैनिक रूपमा १३ करोड ११ लाख रुपैयाँको विद्युत् निर्यात गरिएको हो । भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँ (भारु) मा हुने गरेको छ । त्यसैले साउन महिनामा विद्युत् बिक्रीबाट २ अर्ब ६२ करोड १२ लाख ३ हजार भारु आम्दानी भएको छ। साउनमा निर्यात गरिएको विद्युतको औसत दर प्रतियुनिट ८ रुपैयाँ ५१ पैसा रहेको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ्ले आठ वर्षअघिसम्म वर्षायाममा दैनिक ८/९ घण्टा र सुक्खायाममा १८ घण्टासम्मको लोडसेडिङ बेहेर्नुपर्ने अवस्थाको अन्त्य भई हाल वर्षायामका महिनामा देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् दैनिक रुपमा ७ सय मेगावाटभन्दा बढी निर्यात गर्ने अवस्थामा आइपुगेको बताए।

प्राकृतिक र प्राविधिक कारणले यदाकदा केहीक्षण बत्ती जाने आउने गरेतापनि अहिले मागअनुसार विद्युत् आपूर्ति गर्न नसकेर लोडसेडिङ गर्नुपर्ने अवस्था नरहेको उल्लेख गरे।

'हाम्रो पहिलो प्राथमिकता देशभित्रको विद्युत् खपत बढाउने नै हो, खपत बढाउन प्रसारण र वितरण प्रणाली सुधार तथा विस्तारका कार्यहरू अभियानकै रुपमा कार्यान्वयनमा लगिएको छ, आन्तरिक रुपमा खपत गरी अतिरिक्त भएको विद्युत् छिमेकी देश भारत र बंगलादेशलाई निर्यात गरिने छ,' घिसिङ्ले भने । घिसिङ्ले वर्षायाममा भारततर्फ विद्युत् निर्यात गरी उल्लेख्य विदेशी मुद्रा आर्जन हुँदा देशको विदेशी मुद्रा सञ्चिति एवम् नेपाल र भारतबीचको व्यापार घाटा कम गर्नमासमेत सकारात्मक योगदान पुगिरहेको उल्लेख गरे। 'हिउँदयाममा केही महिना अझै विद्युत् आयात गर्नु परेतापनि आयातको परिमाण क्रमशः घट्दै जाने छ, गत आवदेखि देशभित्र खपत गरी बढी भएको विद्युत् भारतीय बजारमा बिक्री गरी खुद आयातकर्ताबाट खुद निर्यातकर्ता बनिसकेका छौं,' उनले भने।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) को डेअहेड तथा रियल टाइम मार्केटमा प्रतिस्पर्धी दरमा र द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौता बमोजिम भारतीय कम्पनी एनटीपीसी विद्युत् व्यापार निगम ली-एनभीभीएनलाई बिक्री गरिरहेको छ। एनभीएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ। प्राधिकरणले हालसम्म प्रतिस्पर्धी बजार र मध्यकालीन विद्युत् बिक्री सम्झौता बमोजिम भारतीय बजारमा २८ वटा आयोजनाहरूबाट उत्पादित ९४१ मेगावाट विद्युत् बिक्री गर्न स्वीकृति पाएको छ । केही दिनअघि द्विपक्षीय सम्झौतमा बमोजिम भारतका बिहार र हरियाण राज्यलाई थप २५१ मेगावाट विद्युत् निर्यात स्वीकृति पाएको थियो। यसमध्ये एनभीभीएनमार्फत हरियाणा राज्यलाई थप दुई जलविद्युत् आयोजनाबाट उत्पादित १२५.८९ मेगावाट बिक्री गरिने छ। हाल दुई आयोजनाहरूबाट उत्पादित १०९.६१ मेगावाट विद्युत् हरियाणा राज्यमा बिक्री हुँदै आएको छ। १० जलविद्युत् आयोजनाबाट उत्पदित १२५ मेगावाट विद्युत् मध्यकालीन सम्झौता बमोजिम पीटीसी, भारतमार्फत बिहार राज्यमा निर्यात हुने छ। बिहारलाई पहिलो पटक र हरियाणालाई थप विद्युत् निर्यातका लागि प्राविधिक प्रक्रिया पूरा गरी छिट्टै निर्यात सुरु गरिने छ।

हाल १४ आयोजनाबाट उत्पादित ५८०.८९ मेगावाट विद्युत् प्रतिस्पर्धी दरमा आईएक्समा बिक्री भइरहेको छ । केही दिनअघि स्वीकृति पाएको परिमाणको विद्युत् निर्यात सुरु भइनसकेकाले हाल आईएक्स र हरियाणालाई गरी दैनिक रुपमा ६९०.५० मेगावाट विद्युत् निर्यात भइरहेको छ । स्वीकृत परिमाणको १० प्रतिशत थप विद्युत् निर्यात गर्न सकिन्छ । त्यसैले हाल दैनिक रुपमा ७ सय मेगावाटभन्दा बढी विद्युत् निर्यात भइरहेको छ। गत आवमा भारतबाट १६ अर्ब ९३ करोड रुपैयाँको विद्युत आयात गरिएको थियो। यही अवधिमा १७ अर्ब ६ करोड रुपैयाँको विद्युत् निर्यात गरिएको थियो । गत आवमा आयातभन्दा १३ करोड रुपैयाँ बढीको विद्युत् निर्यात गरी खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेको थियो।

# मैलिँदो हावा, फैलिँदो क्यान्सर

**डा सामना ओली**

चिकित्सा अध्ययनमा लाग्नु भन्दा पहिल्यै नै क्यान्सर बारे नसुनेको र नदेखेको होइन। पढ्दै गएर काम गर्न थालेपछि क्यान्सरलाई पनि सहजै अरु रोग जसरी आफ्नो दैनिकीको पाटो बनाँउदै गइयो। तर जब स्वर्गिय अमेरिकी डाक्टर पल कलानिथीको 'व्हेन ब्रेथ बिकम्स्स एअर' भन्ने आत्म-बृत्तान्त पढेँ तब मेरो क्यान्सरलाई हेर्ने दृस्टिकोण पुरै परिवर्तन भयो। आफ्नो स्वास्थ्य मात्र नभई व्यक्तिगत जीवन अनि पारिवारिक र पेशागत जीवनमा क्यान्सरले पार्न सक्ने आमुल परिवर्तन्; उपचार भन्दा बाहेक बिरामीलाई चाहिने आत्मबल; बिरामी सगँसगैँ क्यान्सरलाई भोग्नुपर्ने परिवारजनको धैर्यता र क्यान्सरले आँखा अगाडि जीवनलाई सकाउदैँ जाने त्रासदी मैले त्यो किताबबाट निकै गहिराईको साथ बुझेँ। एक हिसाबले भन्दा सो किताबले रातारात मेरो क्यान्सर अध्ययन प्रतिको रुचिलाई तिब्र गति दियो । उक्त किताबमा जिन्दगीलाई क्षणभरमै स्टेज ४ को फोक्सोको क्यान्सरले परिवर्तन गरिदिन्छ। यस्ता लिखित अलिखित पलका कथाहरु हरेक दिन फोक्सोको क्यान्सरको दस्तावेजमा दर्ता हुन्छन। विश्व स्वास्थ्य सगंठनको २०२०को डाटा अनुसार हरेक वर्ष लगभग २२ लाख जना नयाँ फोक्सोको क्यान्सरको बिरामी रिपोर्ट हुन्छन भने लगभग १८ लाख जना यसकै कारण मर्ने गर्छन। यसले गर्दा आज पनि लङ्स क्यान्सर संसारभरमै पुरुषहरुमा पहिलो र महिलाहरुमा दोस्रोमा धेरै हुने क्यान्सरमा पर्दछ। यो क्यान्सरलाई प्राथमिकता दिदैँ यो बारे जागरुकता बढोस भनेर २०१२ देखि हरेक अगस्त १ लाई 'वर्ल्ड लङ्स क्यान्सर डे' को रुपमा मनाइन्छ। आज पनि देखापर्ने लगभग ८५ प्रतिशत फोक्सोको क्यान्सर धुम्रपानको कारण हुने गर्दछ। बाकीँ १५ प्रतिशत क्यान्सर भने अप्रत्यक्ष धुम्रपान (आफूले धुम्रपान नगरेपनी अरुले धुम्रपान गर्दा त्यहाँ हुनु), वातावरण प्रदुषण ; औधोगिक धुवाँ; जेनेटिक्स; विकिरण; वातावरणमा युरेनियम्, आर्सेनिक जस्ता धातु; फोक्सोका अरु रोग इत्यादीले गर्दा हुन्छ। सरल भाषामा भन्दा फैलिँदो फोक्सोको क्यान्सरको प्रमुख कारण आफु वरीपरिको मैलिँदो हावा हुन आउँछ । क्यान्सरहरुमै 'साइलेन्ट किलर' भनि कहलिएको फोक्सोको क्यान्सर अधिकाशं समय धेरै फैलिसकेपछि मात्रै थाहा हुन्छ यसो हुँदा उपचार पद्दतिका पाटाहरु साघुरिँदै जाने र बिरामीलाई दिन मिल्ने औषधि वा रेडिएसन पूर्णरुपले रोगको निवारणका निम्ती पर्याप्त नहुने देखिएको छ। त्यसैले हाम्रो लागि सरल विकल्प भनेको फोक्सोको क्यान्सरका लक्षणहरुको समयमै पहिचान र जाँच (स्क्रीनिङ) हो। उक्त स्क्रीनिङ छातिको सिटी स्क्यानले गरिन्छ। छाती दुख्नु, लामो समयसम्म खोकी लागिरहनु, सास फेर्न गाह्रो हुनु, अप्रत्यासित रुपमा तौल घट्नु, खकारमा रगत आउनु, थकान महसुस गरिराख्नु यो क्यान्सरका केही लक्षणहरु हुन। यसो हेर्दा टिबी र फोक्सोका अन्य रोगका लक्षणहरुसगँ मिल्दो जुल्दो लाग्ने यी लक्षणहरुका कारण नै आम जनमानस प्रायः क्यान्सरको पहिचानसम्म पुग्न ढिला हुने गर्छन। लक्षणका अलावा पनि केहि वर्गका व्यक्तिहरु भने 'सिटी स्क्यान' गरी क्यान्सर स्क्रीनिङ गर्न तत्पर रहनुपर्छ। यो वर्गमा ५५ देखि ८० वर्षका जमात; धुम्रपान गरिरहेका वा गएको १५ वर्षभित्र धुम्रपान त्यागेका व्यक्तिहरु वा बिगत ३० वर्षदेखि दिनको २० वटासम्म चुरोट पिउनेहरु र क्यान्सर स्क्रीनिङका लागि इच्छुकहरु पर्दछन। स्क्रीनिङका लागि गरिने सिटी स्क्यानका भने आफ्नै फाइदा-बेफाइदाहरु छन। आफ्नो लागि के गर्दा उचित होला भनि जान्न र 'फाइदा- जोखिम 'को लेखा-जोखा गर्न आफ्नो डाक्टरसँग परामर्श लिनु उचित हुन्छ। अमेरिकी क्यान्सर सोसाइटीको अनुसार सामान्यत देखापर्ने फोक्सोको क्यान्सका सबै स्टेजलाई सगैँ राखेर हेर्दा ५ वर्ष सर्भाइभल रेट (मतलब क्यान्सर पहिचान पछि उपचार सुरु भएकाहरुमा ५ वर्षसम्म बाँच्नेहरुको दर) ७ - २८ प्रतिशत छ। यो डाटा हेर्दा त्यति सन्तोषजनक नभए पनि नफैलिएको क्यान्सरहरुमा भने ५ वर्ष सर्भाइभल रेट ३०-६५ प्रतिशतसम्म छ। हामीले गहिरिएर फोक्सोको क्यान्सरलाई बुझ्ने हो भने यो आफैँमा जटिल क्यान्सर हो। यसको पहिचान, उपचार, जटिलता आफैँमा समस्त अवुर्द्ध रोगको निदानमा सलग्नंहरुको लागि एउटा चुनौती हो। स्वास्थ्यको नियमित परीक्षण, वायु प्रदुषणको रोकथाम, धुम्रपान विरुद्द अभियान अनि व्यक्तिगत तहमा आफैँमा धुम्रपान प्रतिको आचरण परिवर्तन हामीले बच्नका निम्ती गर्न सक्ने उपायहरु हुन। मैले क्यान्सर विभागमा काम सुरु गरेको केही हप्तामा सबै भन्दा बढी देखेको क्यान्सर पनि फोक्सो कै क्यान्सर हो। रोग जति नै जटिल भए पनि हरेक दिन आफ्ना बिरामीहरुमा देख्ने अदम्य साहसले मलाई जीवनप्रति कृतज्ञ बनाउछँ अनि हरेक दिन खुलेर जिउनुको औचित्य सिकाँउछ। मृत्यु नै ससारंको एक मात्र शावस्त सत्य हो भन्ने थाहा हुँदा हुँदै पनि जिन्दगीलाई आफ्नो तरिकाले जिउन अलिकती ढिला भएछ भन्ने कुरा बुझ्न हामिलाई किन क्यान्सर जस्तै रोग सामुन्ने परे पछी मात्र याद आउने होला ?

*(स्वास्थ्यखबर)*


## भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**नुवाकोट, अर्घाखाँची**
**लुम्बिनी प्रदेश, नेपाल**

*Website: bhumikasthanmun.gov.np*
*E-mail: bhumikasthanmunicipality@gmail.com*

## Invitation for Sealed Quotation

First Notice Publication Date : 28-08-2024 (2081-05-12)

1. The Bhumikasthan Municipality invites sealed quotations through e-GP system i.ewww.bopatra.gov.np/egpfrom registered contractors for the construction of Motorable RoadConstruction works.
2. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms by visit PPMO website www.bolpatra.gov.np.
3. Sealed Quotation Forms may be purchased by eligible Bidders to submit their bid electronically shall deposit the cost of bidding document NRs.1000/- in the account specified below:

**Deposit the Cost of Bidding Document the Bank Address is:**

Name of the Bank: **Prabhu Bank Ltd.**
Name of the Office: **Bhumikasthan Municipality, Arghakhanchi.**
Account Name :**Internal Revenue.**
Office Account no: **2587086986800138**

4. Bid Security must be valid for a period of 45 days after bid opening and shall be valid for 30 days beyond the validity period of the bid i.e. 75 days.

**Cash Deposit Account for Bid Security the Bank Address is:**

Name of the Bank: **Prabhu Bank Ltd.**
Name of the Office: **Bhumikasthan Municipality, Arghakhanchi.**
Account Name :**Dharouti Account**
Office Account no: **2587086986800048**

5. Sealed Quotations must be submitted through e-GP system i.ewww.bopatra.gov.np/egp on or before 12-09-2024 12:00 hours . Bids received after this deadline will be rejected.
6. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 12-09-2024 13:00 hours at the office of Bhumikasthan Municipality.

**Bidders other detailsare as given below:**

| Contract ID | Name of Contract | Estimated Amount (Exclusive VAT and Contingencies) | Bid Security Amount In NRs | BID Document Purchase Date and Time |
|---|---|---|---|---|
| 01/BMA/W/SC/ 2081/082 | Tallo Choutara Bethala Adhuro Sidhi construction Works | 574,837.11 | 17000 | 11-09-2024 AD 17:00 hrs. (2081-05-26 BS 17:00 hrs.) |
| 02/BMA/W/RM/ 2081/082 | Chautara Bahulahakhola Motorable Road Construction Works | 786,209.78 | 23000 | |
| 03/BMA/W/RM/ 2081/082 | Ghumti Buddanda Kattike Satighat Motorable Road Construction works | 958,085.10 | 28000 | |

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bidsubmission.



## हार्दिक बधाई तथा शुभकामना



नेपाल चेम्बर अफ कमर्श लुम्बिनी प्रदेशको **चौथो साधारणसभा तथा दोस्रो अधिवेशनबाट** यस श्री उत्कृष्ट लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि. भैरहवाका अध्यक्ष श्री **खिमबहादुर खत्रीज्यू** कोषाध्यक्ष पदमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा उहाँ लगायत सम्पूर्ण टीमलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल एवं सिर्जनशील कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**अनिलकुमार ज्ञवाली**
सचिव (एवं)
**श्री उत्कृष्ट लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड परिवार**
भैरहवा, रुपन्देही


**गौतमबुद्ध मिडिया प्रा.लि.** द्वारा प्रकाशित **गौतमबुद्ध सन्देश दैनिक**का लागि **अध्यक्ष** : खिम बहादुर खत्री, **प्रबन्ध सम्पादक** : बिष्णु प्रसाद भट्टराई, **सम्पादक** : कुलमणि ज्ञवाली, **सह-सम्पादक** : रबिन्द्र प्रताप गुप्ता
**प्रधान कार्यालय** : सि.न.पा.-७ भैरहवा, रूपन्देही, **फोन नं.**:९८५७०२१६२२, **Email: gbsnews7@gmail.com** (समाचार), **gbsadd2018@gmail.com**(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल